नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- १६६

मितिः- २०८०/०८/०६

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. १६० मिति २०८०/०८/०६ को उद्योग दिवस मनाउने सम्बन्धी पत्र र निर्णय समेत आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. २०८०/०८१
च. नं. औ.प्र./नीति/१६०

मितिः २०८०/०८/०६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः उद्योग दिवस २०८० मनाउने सम्बन्धमा।

**"स्वदेशी उत्पादन अभियानः उद्यमीको सम्मान"** भन्ने नाराका साथ नवौं उद्योग दिवस संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रम गरी भव्य रुपमा मनाउने गरी मिति २०८०/०८/०६ मा निर्णय भएको हुँदा सो अनुसार मंसिर ९ गते विविध कार्यक्रम सहित उद्योग दिवस मनाउन सबै स्थानीय तहमा पत्राचार गरिदिनु हुन अनुरोध छ। निर्णयको प्रति यसैसाथ संलग्न छ।

०८० । ८ । ६

(प्रकाश आचार्य)
उपसचिव

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

<u>निर्णय</u>

१ नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र माताहतका निकाय तथा निजी क्षेत्रका उद्यमीहरुको छाता संगठनको सहभागितामा काठमाण्डौंमा विविध कार्यक्रम गरी अगामि मंशिर ९ गते नवौं उद्योग दिवस भव्यरुपमा मनाउने ।

२ यस बर्ष (वि सं २०८०) को उद्योग दिवसको नारा **"स्वदेशी उत्पादन अभियान: उद्यमीको सम्मान"** तय गरी प्रचार प्रसार गर्ने ।

३. उद्योग दिवसलाई विविध कार्यक्रम सहित भव्यरुपमा मनाउन सातै प्रदेशका उद्योग क्षेत्र हेर्ने मन्त्रालय र सवै स्थानीय तहलाई अनुरोध गर्ने।

४. उद्योग दिवसको अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, मातहतका विभाग तथा निकाय र निजी क्षेत्रका उद्योग परिसरमा सरसफाई तथा दिपावली गर्ने।

५. उद्योग दिवसको अवसरमा उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगहरुका तथ्यहरु समावेश भएको औद्योगिक तथ्यांङ्क पुस्तिका विमोचन गर्ने।

५. निजी क्षेत्रका छाता संगठनहरुले उद्योग दिवशलाई भब्य रुपमा मनाउन आफू मातहतका निकायहरुलाई परिचालन गर्ने।

मुकुन्द प्रसाद निरौला
सचिव (उद्योग)